# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/८१
चलानी नं :- ४९८

मिति : २०८०/०५/११

विषय : जिम्मेवारी हेरफेर भएको बारे ।

श्री अनिल प्रसाद जोशी

अधिकृत सातौं

टोखा नगरपालिका ।

यस कार्यालयको मिति २०८०/०५/११ को निर्णयानुसार २०८०/०५/१२ देखी लागु हुने गरी तपाईलाई साविकमा तोकिएको जिम्मेवारीमा तपशिल बमोजिम हेरफेर भएको हुँदा हेरफेर भए बमोजिमको जिम्मेवारी प्रचलित कानुन बमोजिम ईमान्दारिताका साथ पूरा गर्नुहुन अनुरोध छ ।

| सि. नं. | नाम | पद | साविकको जिम्मेवारी | | हाल तोकिएको जिम्मेवारी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय | पद | कार्यालय | पद | |
| १. | अनिल प्रसाद जोशी | अधिकृत सातौं | टोखा नगरपालिका | प्रशासन र योजना शाखा प्रमुख | टोखा नगरपालिका | योजना शाखा प्रमुख | |

साथै, तपाईलाई मिति २०८०/०५/१२ देखी लागु हुने गरी अर्को व्यवस्था नभएसम्म तपशिल बमोजिमका अधिकारहरु प्रत्यायोजन गरिएको हुँदा प्रत्यायोजित अधिकार अनुसारको कार्य जिम्मेवारी समेत प्रचलित कानुन बमोजिम पूरा गर्नु हुन अनुरोध छ ।

१. उपभोक्ता समिति/टोल विकास सँस्थावाट कार्यान्वयन हुने नगर सभा वा कार्यपालिकावाट स्वीकृत भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सम्झौताको लागि टिप्पणी स्वीकृत गर्ने, लागत अनुमान स्विकृत गर्ने, सम्झौता गर्ने, कार्यादेश दिने, मुल्यांकन स्विकृत गर्ने सम्बन्धी कार्यहरु गर्ने, गराउने ।

२. कोटेशन मार्फत संचालन हुने रु. १० लाख सम्म लागत अनुमान रहेका सम्पूर्ण योजना/कार्यक्रमहरुको लागत अनुमान स्विकृत गर्ने, तुलनात्मक तालिका स्वीकृत गर्ने, सम्झौता गर्ने, कार्यादेश दिने तथा मुल्यांकन स्विकृत गर्ने सम्बन्धी कार्यहरु गर्ने, गराउने ।

३. मौज्दातमा रहेका कार्यालय सम्वन्धी जिन्सि सामानहरुको माग फारम स्विकृत गर्ने ।

४. रु. १ लाख सम्मका सम्पूर्ण खरिद कार्यको माग फारम स्विकृत गर्ने, खरिद आदेश तथा दाखिला प्रतिवेदन स्विकृत गर्ने, सम्झौता गर्ने तथा कोटेशनमार्फत गरिने खरिदको लागि दर रेट माग गर्ने । खरिद ईकाईको संयोजक तथा मूल्यांकन समितिको सदस्य सचिवको रुपमा काम गर्ने ।

५. नगर कार्यपालिका/नगर सभाको तयारी तथा बैठक व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

६. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने/गराउने ।

शेर बहादुर बि.सी.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ : श्री प्रशासन शाखा / योजना शाखा / प्राविधिक शाखा / सबै वडा कार्यालय



CamScanner

# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/८१
चलानी नं :- ४५६

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

मिति : २०८०/०५/११

विषय : जिम्मेवारी हेरफेर भएको बारे ।

श्री कमला कार्की

शाखा अधिकृत, टोखा नगरपालिका ।

यस कार्यालयको मिति २०८०/०५/११ को निर्णयानुसार २०८०/०५/१२ देखी लागु हुने गरी तपाईलाई साविकमा तोकिएको जिम्मेवारीमा तपशिल बमोजिम हेरफेर भएको हुँदा हेरफेर भए बमोजिमको जिम्मेवारी प्रचलित कानुन बमोजिम इमान्दारिताका साथ पूरा गर्नुहुन अनुरोध छ ।

| सि. नं. | नाम | पद | साविकको जिम्मेवारी | | हाल तोकिएको जिम्मेवारी | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय | पद | कार्यालय | पद | |
| १. | कमला कार्की | शाखा अधिकृत | टोखा नगरपालिका | सहकारी शाखा प्रमुख | टोखा नगरपालिका | प्रशासन शाखा र सहकारी शाखा प्रमुख | |

साथै, तपाईलाई मिति २०८०/०५/१२ देखी लागु हुने गरी अर्को व्यवस्था नभएसम्म तपशिल बमोजिमका अधिकारहरु प्रत्यायोजन गरिएको हुँदा प्रत्यायोजित अधिकार अनुसारको कार्य जिम्मेवारी समेत प्रचलित कानुन बमोजिम पूरा गर्नु हुन अनुरोध छ ।

१. कार्यालयमा आएका पत्र/निवेदनहरुको तोक आदेश गरी पत्रको गाम्भिर्यता हेरी नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । सामान्य प्रशासनीक विषयमा कार्यालयवाट अन्य निकायमा पत्राचार गर्ने ।

२. अधिकृत स्तर छैटौं सम्मको कर्मचारीको विदा स्विकृत गर्ने ।

३. नगरपालिका, वडा तथा नगरपालिका अन्तरगतका अन्य कार्यालयवाट वाट जारी भएका कागजातहरु परराष्ट मन्त्रालय तथा अन्य प्रयोजनको लागी प्रमाणित गर्ने ।

४. नगरपालिकाको सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको रुपमा काम गर्ने ।

५. न्यायीक समितिको उजुरी दर्ता गर्ने, निर्णय प्रमाणित गरी पठाउने, निर्णय कार्यान्वयनको लागि पत्राचार गर्ने लगायत न्यायीक समिति सम्बन्धी प्रशासनीक कार्य गर्ने ।

६. नगरपालिकावाट भएका विभिन्न निर्णय प्रमाणित गरी सम्बन्धित निकाय वा व्यक्तिलाई उपलब्ध गराउने ।

७. मोटरसाईकलको हकमा १० लिटर सम्म ईन्धनको माग फारम स्विकृत गर्ने । चार पाङ्ग्रे सवारीको हकमा ३० लिटर सम्म ईन्धनको माग फारम स्विकृत गर्ने ।

८. नगर सभा/नगर कार्यपालिका तथा कार्यालय प्रमुख स्तरीय निर्णय अनुसार करारमा नियुक्त/म्याद थप हुने कर्मचारीहरुसँग करार सम्झौता गर्ने ।

९. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने/गराउने ।

शेर वहादुर चि.सी.
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :** श्री सवै शाखा / सबै वडा कार्यालय / सबै स्वास्थ्य सँस्था



CamScanner